# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।२६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

--------------------------------------------------

नेपाल विद्युत प्राधिकरण अन्तर्गत सेती फेवा पावरहाउस, पोखरामा कार्यरत इलेक्ट्रिकल फोरमेन (तह ४) वलदेव गिरीको सेन्टअप टेष्टको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेकोले छानबिन गरी कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज वलदेव गिरीले इलेक्ट्रिकल फोरमेन पदमा बढुवा हुने प्रयोजनको लागि श्री नन्दी माध्यमिक विद्यालय, नक्साल, काठमाडौंबाट प्राप्त सेन्टअप टेष्टको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी बढुवा समेत भई सरकारी लाभ सुविधा लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता